# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

अर्थ मन्त्रालयका का.मु. सचिव श्री शशिनारायण शाह औषधोपचारको सिलसिलामा नयाँ दिल्ली जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री मोहनराज शर्मालाई मिति २०४७।४।२४ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

पर्यटन मन्त्रालयका सचिव श्री दामोदरप्रसाद गौतम नेपाल–भुटानबीच हवाई सेवा सम्झौता गर्न भुटानतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका सह-सचिव श्री झुलेन्द्रमान प्रधानलाई मिति २०४७।४।२१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,
नरसिंहनारायण सिंह
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## गृह मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जिल्ला कार्यालय उदयपुरका प्रमुख जिल्ला अधिकारी श्री नविन घिमिरे मिति २०४७।४।३० देखि घर बिदामा बस्नुभएकोले उहाँ बिदा बसेको मितिदेखि कार्यालयमा हाजिर नभएसम्मको लागि नि. से. नि, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सो प्र. जि. अ. पदमा सोही कार्यालयका प्रशासकीय अधिकृत श्री जीवनप्रसाद वलीलाई मिति २०४७।४।१६ को निर्णयानुसार का.मु. मुकरर गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।